# जग्गा खरिद सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०३/२३**

यस विकास बैंकको शाखा कार्यालय भवन निर्माणको लागि स्याङ्गजा जिल्ला वालिङ्ग नगरपालिका वडा नं ८ अर्न्तगत जैसीपँधेरा देखि केदारनाथ मन्दिर सम्म सिद्धार्थ राजमार्गको दाँया वा बायाँ तर्फ मूल बाटो मा निकास भएको वा हाल गरिमा विकास बैंकको शाखा कार्यालय रहेको स्थानबाट नयाँबजार, बन्धु स्टेशनरी, वालिङ्गको मूल बजार क्षेत्र हुदै वालिङ्गमोड सम्मको क्षेत्रमा जग्गा आवश्यक परेको हुँदा जग्गा विक्री गर्न ईच्छुक व्यक्ति वा संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका शर्त तथा बन्देजहरुको अधिनमा रहि यस विकास बैंकको सामान्य प्रशासन विभाग, लाजिम्पाट काठमाण्डौमा आइपुग्ने गरि शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फाराम रु.१,०००/(पछि फिर्ता नहुने गरि) बुझाई गरिमा विकास बैंक लिमिटेड प्रधान कार्यालय सामान्य प्रशासन विभाग, लाजिम्पाट तथा क्लस्टर कार्यालय, वालिङ्ग-६, मिर्दि, स्याङ्गजाबाट लिन सकिनेछ ।

२. प्रस्तावित जग्गा सिद्धार्थ राजमार्ग वा माथि उल्लेख भएको क्षेत्रको मुल बाटोबाट चार पांङग्रे सवारी साधन आवत जावत हुने गरि प्रचलित कानुन बमोजिम निकास भएको हुनु पर्नेछ ।

३. जग्गाको क्षेत्रफल कम्तिमा १० आना हुनु पर्नेछ ।

४. प्रस्तावित जग्गाको सम्बन्धमा कुनै प्रकारको मुद्दा मामिला, विवाद, झै-झगडा, गुठी मोहि आदि नभएको तथा नेपाल सरकारले जग्गा सम्बन्धी तोकिएको सम्पूर्ण मापदण्डहरु पुरा भएको हुनु पर्नेछ ।

५. जग्गाको दरभाउ अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गरि बोलपत्र पेश गर्नु पर्नेछ । दरभाउ अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दरभाउ मान्य हुनेछ ।

६. विकास बैंकले नामसारी गर्नु पूर्व लाग्ने सम्पूर्ण करहरु तथा नामसारी प्रयोजनमा लाग्ने पुँजीगत लाभकर जग्गाधनी स्वयंले व्यहोर्नु पर्नेछ ।

७. शिलबन्दी बोलपत्रमा निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।
   - क) जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि ।
   - ख) जग्गाधनीको नागरिकताको प्रतिलिपि वा फर्म/कम्पनी भए संस्था दर्ताको प्रमाणपत्र तथा संचालक समितिको निर्णय ।
   - ग) तिरो तिरेको अद्यावधिक रसिदको प्रतिलिपि ।
   - घ) जग्गाको ब्लुप्रिन्ट, ट्रेस नक्सा, प्रमाणित चारकिल्ला र Location Map

८. एक वा एक भन्दा बढी जग्गाधनीहरुले संयुक्त रुपमा समेत प्रस्ताव पेश गर्न सक्ने छन ।

९. शिलबन्दी बोलपत्र भित्र "गरिमा विकास बैंकका लागि जग्गा विक्री प्रस्ताव" उल्लेख गरि मिति २०७९ श्रावण ५ गते कार्यालय समय भित्र यस विकास बैंकको प्रधान कार्यालय, सामान्य प्रशासन विभाग, लाजिम्पाट, काठमाण्डौमा आइपुग्ने गरि बुझाउनु पर्नेछ ।

१०. प्राप्त बोलपत्रहरु यस विकास बैंकको प्रधान कार्यालय, सामान्य प्रशासन विभाग, लाजिम्पाट, काठमाण्डौमा मिति २०७९ श्रावण ११ गते दिनको २ बजे खोलिनेछ ।

११. पेश हुन आएका प्रस्ताव मध्ये विकास बैंकलाई उपयुक्त लागेको प्रस्तावका सम्बन्धमा थप छलफलको लागि सम्बन्धित जग्गाधनीलाई सम्पर्क गरिनेछ भने उपयुक्त नलागेको प्रस्तावका सम्बन्धमा कुनै जानकारी दिइने वा सम्पर्क गरिने छैन ।

१२. बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा छनौटमा परेका प्रस्ताव उपर पुनः नेगोसिएसन गर्ने वा थप शर्त बन्देज लगाउने सम्पूर्ण अधिकार यस विकास बैंकमा निहित रहनेछ । साथै बोलपत्र अस्वीकृत भएमा अस्वीकृत हुनुको कारणको जानकारी गराउन विकास बैंक बाध्य हुने छैन ।

१३. म्याद नाघी वा रीत नपुगी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

"Access to All"

**गरिमा विकास बैंक लिमिटेड**

**Garima Bikas Bank Limited**

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**प्रधान कार्यालय :** काठमाण्डौ महानगरपालिका-२, लाजिम्पाट, **फोन :** ०१-४४५४२४/२५/२६/२७